विर्तामोड नगरपालिका कार्यालय
विर्तामोड, झापा
आन्तरिक आय संकलनको लागि

**वोलपत्र आव्हान गरिएको सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०७३/०३/०६*

**स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ अनुसार यस न.पा.ले उठाउन पाउने आगामी आ.व. २०७३।०७४ को देहायको आन्तरीक आय ठेक्का बन्दोबस्तको माध्यमबाट संकलन गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्न आह्वान गरिन्छ ।**

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम वार्षिक ठेक्का अंक (भ्याट बाहेक) | बोलपत्र खरिद गर्ने म्याद | बोलपत्र पत्र दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|
| १ | पटके सवारी कर तथा पार्किङ शुल्क (टेक बहादुर गिरी बसपार्क) | १५,००,०००।- | २०७३/०४/०४ गते कार्यालय समय सम्म | १०००। फिर्ता नहुने गरि । | २०७३/०४/०५ गते दिनको १२:०० बजे भित्र | २०७३/०४/०५ गते दिनको २:०० बजे |

१) ईच्छुक वोलपत्रदाताले नागरिकताको प्रमाण पत्र, **VAT** दर्ता प्रमाण पत्र, पान (**PAN**) नम्बर र गत आ.ब. ०७१/०७२ को कर चुक्ता प्रमाणपत्र पेश गरी कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सक्ने छ ।

२) यसरी खरिद गरिएको वोलपत्र फाराम भरी बोलपत्रदाताले ३१ औं दिनको १२ बजे भित्रमा यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । बोलपत्रदाता आफैं बोलपत्र दाखिला गर्न नसक्ने भएमा बोलपत्रदाताले रितपुर्वक को अख्तियारीनामा दिई प्रतिनिधि पठाउनु पर्नेछ ।पर्न आएका वोलपत्रहरु सोही दिन दिनको २:०० बजेपछि वोलपत्रदाता बा निजहरुको प्रतिनिधि र तोकीएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । वोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३) वोलपत्र फाराममा कबोल अंक अक्षरमा स्पष्ट बुझिने गरी भर्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।केरमेट भएको ठाउमा बोलपत्रदाताले स्पष्ट सहीछाप गरेको हुनुपर्नेछ ।

४) वोलपत्रमा उल्लेखित कवोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा. वा. वैंक भद्रपुर स्थित हि.नं.२२१०३०३००३०३३ मा जम्मा गरेको सक्कलै वैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र दाखिला अन्तिम मितिबाट १२० (एक सय वीस) दिन म्याद भएको विडवण्ड बोलपत्रसाथ दाखिला गर्नु पर्नेछ ।

५) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा विर्तामोड न.पा.को निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

६) न.पा.लाई रकम वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको बोलपत्र स्वीकृत गरिने छैन ।

७) बोलपत्रदाताले खामको बाहिर नाम र ठेगाना स्पष्टसंग उल्लेख गरी सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

८) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७४ आषाढ मसान्तसम्म हुनेछ ।

९) बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१०) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

११) शर्त राखी पेश गरेको,रीत नपुगेको र म्याद नाघी आएका बोलपत्र माथि कारवाही हुने छैन ।

१२) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु स्थानीय स्वायत्त शासन ऐन, नियमावली, स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली तथा विर्तामोड न.पा.को निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

१३) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिने छ ।

१४) ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेख गरिएको छ । बोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नुपर्ने छ ।

रविन्द्र प्रसाद बस्ती
प्रमुख कार्यकारी अधिकृत